मेरो साप्ताहिक

मेरो साप्ताहिक Mero Saptahik

वर्ष : ५ • अंक : २२ • पूर्णांक : २२१ • वि.सं. २०८१ बैशाख ११ मंगलवार • ने.सं. ११४४ चौलाथ्व पुन्ही • 2024 April 23 • पृष्ठ ८ • मूल्य रू. १०।-

सबैको सम्मान हुनेगरी महासंघको विवाद टुंगियोस् : मन्त्री चौधरी

संवादलाई खुल्ला राखेर अगाडि बढ्न आवश्यक

• **मेरो संवाददाता**

काठमाडौं/महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीले सबै पक्षको सम्मान हुनेगरी पत्रकार महासंघको संस्थापकको विवाद टुंगो लाग्नुपर्ने बताउनुभएको छ। नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) ले आयोजना गरेको नेपाल पत्रकार महासंघको स्थापना दिवस र सत्यनारायण बहादुर श्रेष्ठको योगदान विषयक संवाद कार्यक्रम तथा फोनिज युके पत्रकारिता पुरस्कार वितरण समारोहलाई सम्बोधन गर्दै मन्त्री चौधरीले त्यस्तो बताउनुभएको हो।

चौथो अंगको रूपमा सबैले स्वीकार गरेको पत्रकारिता क्षेत्रको साझा संस्थालाई सबैले अपनत्व गर्ने संस्थाको रूपमा विकास गर्न उहाँले आग्रह गर्नुभयो।

पूर्व प्रधानमन्त्री एवं सन्त नेता कृष्णप्रसाद भट्टराई सबैले मान्ने राष्ट्रको नेता भएको भन्दै मन्त्री चौधरीले नेता भट्टराईलाई त्यागी नेताका रूपमा बुझ्ने गरिएको बताउनुभयो। 'पत्रकार महासंघको स्थापनाका सन्दर्भमा महासंघ आफैले संवाद सुरु गरेको छ। यो विषयले पक्कै पनि टुंगो लाग्नेछ भन्ने विश्वास व्यक्त गर्दछु', उहाँले

भन्नुभयो, 'मलाई लाग्छ यो विषय सिंगो पत्रकारिता क्षेत्रको गौरवसँग जोडिएको विषय भएकाले यसले पक्कै पनि छिट्टै अगाडि बढ्नेछ। सत्य तथ्यको आधारमा पक्कै पनि यस विषयको समाधान हुनेछ।'

समुदायबाट उठेर पत्रकारिता क्षेत्रमा आउने क्रम रहेको सन्दर्भमा खुसी व्यक्त गर्दै उहाँले आगामी दिनमा अझ बढी भन्दा बढी जनताका कुराहरू बाहिर ल्याउन सक्नुपर्ने बताउनुभयो।

'सत्यनारायणजिले त्यो जमानामा जनताका पक्षमा सूचना सम्प्रेषण गर्दै पत्रकारिता क्षेत्रमा लागेका पत्रकारलाई संगठित गर्ने काम गर्नुभएको हिसाबले उहाँ हामी सबैका लागि सम्मानित व्यक्तित्व हुनुहुन्छ', उहाँले भन्नुभयो, 'त्यसैगरी हाम्रा सन्त नेता सम्मानित व्यक्तित्व नै हुनुहुन्छ। उहाँहरू दुवैप्रति म आदर गर्दछु। त्यस अर्थमा पत्रकार महासंघले यो विषयलाई सकारात्मक रूपमा अवतरण गराउनुहुनेछ भन्ने विश्वास व्यक्त गर्दछु।'

आफूले पनि ६ महिना रेडियो नेपालमा पत्रकारिता गर्ने अनुभव बटुलेको स्मरण गर्दै मन्त्री चौधरीले यस क्षेत्रमा देखिएको समस्याको समाधानका लागि सबैले ध्यान दिनुपर्ने बताउनुभयो। पेशा व्यवसायसँगै आफ्ना अन्य जिम्मेवारी व्यवस्थापन गर्नुपर्दा केही अप्ठ्यारा हुँदाहुँदै पनि पत्रकारिता क्षेत्र अन्य पेशा भन्दा फरक क्षेत्र रहेकाले यस क्षेत्रमा काम गर्न सकेमा समाजमा स्थापित हुन सकिने उहाँको भनाई थियो।

फोनिजका अध्यक्ष गजुरधन राईको अध्यक्षतामा भएको कार्यक्रममा यस वर्षको फोनिज युके पत्रकारिता सम्मानबाट फोनिजका पूर्व संघीय उपाध्यक्ष दिपिन राईलाई तथा फोनिज युके पत्रकारिता पुरस्कारबाट इच्क्षा मनकामना एफएम चितवन कुरिनटारमा कार्यरत पत्रकार संगीता चेपाङलाई पुरस्कृत गरिएको थियो।

फोनिज युकेले हरेक वर्ष प्रदान गर्दै आएको यो सम्मान तथा पुरस्कारको राशि जनही २५ हजार रुपैयाँ रहेको फोनिज युकेका निवर्तमान अध्यक्ष गोमा राना मगरले जानकारी दिनुभएको थियो।

नेपाल पत्रकार संघको स्थापना भएको २००८ साल बैशाख ९ गतेको दिनलाई नै नेपाल पत्रकार महासंघले स्थापना दिवस मान्नुपर्ने र सत्यनारायण बहादुर श्रेष्ठको योगदानको कदर गर्नुपर्ने माग सहित आयोजित संवाद कार्यक्रममा मन्तव्य राख्नुहुँदै नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले संवादको बाटो सँधै खुल्ला हुनुपर्ने बताउनु भयो। उहाँले २००८ सालमा सत्यनारायण बहादुर श्रेष्ठले नेपाल पत्रकार संघको स्थापना गरेको कुरा प्रमाणित भए पनि नेपाल पत्रकार महासंघको विधानले नै २०१२ सालको नेपाल पत्रकार संघको निरन्तरता भनेका कारण केही समस्या रहेको बताउनु भयो। उहाँले आफूहरुले विधान अनुरुप नै चैत्र २९ गते स्थापना दिवस मनाएको र त्यसमा फोनिजको सहभागिता नभएको कुरामा गुनासो गर्नुहुँदै तत्कालीन २००८ सालमा स्थापित पत्रकार संघ र आफूले नेतृत्व गरिरहेको नेपाल पत्रकार महासंघ एउटै हो कि होइन भन्ने खोज आवश्यक भएको बताउनुभयो। उहाँले इतिहास सच्याउन सकिने तर्फ पनि संकेत गर्नुभयो।

त्यस अवसरमा बोल्दै फोनिजका सल्लाहकार मनोज घर्ती मगर, प्रेस चौतारी नेपालका उपाध्यक्ष देविका घर्ती मगर, प्रेस युनियनका उपाध्यक्ष जीवन भण्डारी, समाजवादी प्रेस संगठनका उपाध्यक्ष अस्मिता गिरी, मधेसी पत्रकार समाजका अध्यक्ष मोहन सिंह लगायतले अग्रजको सम्मान गर्दै तथ्यका आधारमा पत्रकार महासंघको स्थापना सम्बन्धी विवादलाई टुंगो लगाउनुपर्ने बताउनुभएको थियो।

फोनिज संवादमा फोनिजका पूर्वअध्यक्ष दण्ड गुरुङ, नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष डा. महेन्द्र विष्टलगायतले संस्थापक अध्यक्ष सत्यनारायण बहादुर श्रेष्ठको योगदानको चर्चा गर्नुभएको थियो। संवाद कार्यक्रम पत्रकार सुरजवीर बज्राचार्यले संचालन गर्नुभएको थियो।

किलाघः त्वाः खलःको परिचयात्मक कार्यक्रम

• **मेरो संवाददाता**

काठमाडौं/किलाघः त्वाः खलःको आयोजनमा किलाघः टोलका दाजुभाई बीचमा परिचयात्मक कार्यक्रम यही बैशाख ८ गते शनिवार नेपाः बैंक्वेटमा सम्पन्न भयो।

परम्परागत किलाघः त्वाःमा सदस्यका जेठो छोरा मात्र सदस्यका रुपमा परम्परागत क्रियाकलापहरुमा सहभागी हुने र हाल मानिसहरु बासका लागि किलाघः त्वाः भन्दा अन्य ठाउँमा गएका कारण दाजुभाइहरुका बीचमा नै परिचय नभएकोले यो कार्यक्रम आयोजना भएको किलाघः त्वाःका कोषाध्यक्ष मचाराजामहर्जनले बताउनु भएको छ।

कार्यक्रममा स्वागत गर्नुहुँदै किलाघः त्वाःका कजि नरेन्द्र महर्जनले किलाघः त्वाःको सांस्कृतिक सम्पदाहरुको संरक्षणका लागि युवाहरु सक्रिय भएर लाग्नु पर्ने बताउनु भयो। उहाँले किलाघः त्वाःले १२ महिनाभित्र १२ वटाभन्दा बढी चाडपर्वहरुमा विविध क्रियाकलापहरु संचालन गर्दै आएको र यसमा युवाहरुको सक्रियता आवश्यक रहेको पनि बताउनु भयो।

कार्यक्रममा धिमे गुरु ई. मचाकाजी महर्जनले टोलमा हुने विभिन्न पर्वका साथै विधिव्यवहारको पनि जानकारी दिनुभएको थियो। करिब ५ सय जनाको उपस्थिति रहेको सो कार्यक्रम टोलका अध्यक्ष वंशि कृष्ण डंगोलको सभापतित्वमा भएको थियो।

कार्यक्रममा किलाघः त्वाःका थाकुलि मोतिकाजी महर्जन, मूगुरु लक्ष्मीनारायण महर्जन, किलाघः त्वाः मिसा पुचःकी अध्यक्ष हेराशोभा महर्जन, पुलुकिसि नाच व्यवस्थापनका मचाकाजी महर्जन र कविन्द्र महर्जन, टोलका गुरु तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

मैतिदेवी देवघरमा विराजमान

• **मेरो संवाददाता**

काठमाडौं/काठमाडौंका विभिन्न देवी देवताहरु मध्ये प्रसिद्ध मैतिदेवीको देवघर पुनःनिर्माण अन्तिम चरणमा पुगेसँगै मैतिदेवीको मूर्तिलाई देवघरमा विराजमान गराइएको छ। यही बैशाख ८ गते शनिवारका दिन धार्मिक विधिपूर्वक पूजाआजा गरी मैतीदेवीको पुरानो मूर्तिलाई देवघरमा रहेको आसनमा विराजमान गराउनुका साथै देवघरमा गजूर प्रतिस्थापन गर्ने र पताः चढाउने कार्य सम्पन्न गरिएको थियो।

कामपा ५ वडामा पर्ने देवघर पुनःनिर्माणका क्रममा देवघर तयार भएको र आउँदो माताति चःह्रेका दिन मैतिदेवीको खट जात्रा गर्नुपर्ने भएका कारण देवीलाई आसनमा विराजमान गराइएको श्री पञ्चकुमारी मैतीअजिमा द्यःछें पुनः निर्माण समितिका अध्यक्ष रमेशमान मुनिकारले बताउनु भयो।

उहाँले देवघर निर्माणको क्रममा भुइँमा चिकंअपा राख्ने, भच्याङमा पार्केटिङ गर्ने र बत्ति तथा शौचालयको व्यवस्था हुन बाँकि रहेको बताउनु हुँदै कामपाको आर्थिक सहयोगमा उपभोक्ता समिति गठन गरी पुनःनिर्माण भइरहेको र आउँदो तिहार अगाडि देवघरको सम्पूर्ण कार्य पूरा गरीसक्न आफूहरु लागिरहेको बताउनु भयो।

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साप्ताहिक Mero Saptahik

प्रकाशक तथा सम्पादक : रत्न काजी महर्जन
सह-सम्पादक : विजय कुमार सिंह
फोटो सम्पादक : प्रबिन महर्जन
व्यवस्थापन : नहकुल महर्जन
प्रेस व्यवस्थापन : नविन सिंह
लेआउट : सुनिता महर्जन
सुर संसार ग्राफिक्स कर्नर
कार्यालय : किलागल, काठमाडौं-२४
सम्पर्क : ५८४१२१५२५०, ०१५५०५२५०
meroweekly@gmail.com
मुद्रण : प्रिन्ट स्काई, काठमाडौं ।

सम्पादकीय ✍

संवादबाट समाधान खोजौं

नेपाली पत्रकारहरुको साझा संगठन नेपाल पत्रकार महासंघले आफ्नो विधानमा नेपाल पत्रकार संघको निरन्तरता भन्ने शब्दलाई जोडेको पाइन्छ। यस अर्थमा नेपाली पत्रकार हरुलाई पहिलोपटक संगठित बनाएको नेपाल पत्रकार संघ नै समय र परिस्थितिको माग अनुरुप नेपाल पत्रकार महासंघका रुपमा विकसित भएको हो भन्ने बुझ्नुलाई गलत मान्न सकिन्न। नेपाल पत्रकार संघको स्थापना २००८ साल बैशाख ९ गतेका दिन तत्कालीन नेपाल टुडेका सम्पादक सत्यनारायण बहादुर श्रेष्ठको नेतृत्वमा भएको थियो। जसको निरन्तरताको रुपमा २००९ सालमा पुनः उहाँकै नेतृत्वमा कार्यसमितिको पुनर्गठन गरिएको थियो भने २०१२ सालमा नेपाल पुकारका सम्पादक कृष्णप्रसाद भट्टराईको नेतृत्वमा संघको पुनर्गठन गरिएको थियो। तर नेपाल पत्रकार महासंघले भने २०१२ सालको नेतृत्वलाई आधार मान्दै आएको छ। महासंघका वर्तमान अध्यक्ष विपुल पोखरेलले एक कार्यक्रममा महासंघको विधानले कृष्णप्रसाद भट्टराईलाई संस्थापक मानेको बताउँदै संवादको माध्यमबाट इतिहासलाई सच्याउन सकिने बताउनु भएको छ।

संवाद कुनै पनि विवाद समाधानको पहिलो र अत्यावश्यक माध्यम हो। तथ्य र प्रमाणका आधारमा नै इतिहास निर्माण हुने गर्दछ। इतिहासले सिद्ध भएका कुराहरुलाई आत्मसाथ गरेर इतिहासमा योगदान दिएकाहरुको सम्मान गर्नु हामी सबैको कर्तव्य हुन आउँछ। महासंघका अध्यक्ष पोखरेलले पनि २००८ सालमा सत्यनारायण बहादुर श्रेष्ठको नेतृत्वमा पत्रकार संघ गठन भएको र उहाँ नै पत्रकारहरुको प्रथम संगठक भएको स्वीकार गर्नुभएको छ। तर यसलाई व्यवहारिक रुपमा महासंघको कार्यसमिति तथा साधारणसभाबाट अनुमोदन गराउन भने पहल गरेको देखिँदैन।

महासंघको अधिवेशन नजिकिँदै गर्दा सत्यनारायण बहादुर श्रेष्ठको मुद्दा झन् उच्च बन्दै गएको छ। महासंघले अग्रअनुहार पुस्तकमा सत्यनारायण बहादुर श्रेष्ठ नसमेटिएकै कारण विमोचन कार्यक्रम विथोलिएको थियो। अहिले पनि आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) उहाँलाई संस्थापक घोषणा गर्नुपर्ने मागसहित आन्दोलन जारी राखेको छ। यसको समाधानका लागि संवाद नै उपयुक्त हुन्छ। संवादबाट समाधानतर्फ लागेमा सबैको हीत हुनेछ।

भारत सामु नेपाल इमान्दार र दयालु



✍ मदनराम कर्माचार्य 'कान्तिपुरी'

नेपालले भारतलाई धार्मिक र राजनीतिकबाट चिप्लिएको भारतलाई नेपालीले वचाउँदै आएको यथेष्ट प्रमाण छन्। र नेपाल अग्रीम पंक्तिमा पर्दछ।

धार्मिकको सम्वन्धमा धेरै भएता पनि भक्तपुरको विस्केट जात्रा र काशी विश्वनाथ भैरवको सम्बन्ध एक पंक्ति यसरी दिनु वेश होला।

काशी विश्वनाथ भैरवको विषयमा एक लोक आख्यान खुव चर्चित छ। एक समय काशी विश्वनाथ विश्वमा कतै नभएको लिङ्गो उभ्याउने जात्रा हेर्न भक्तपुरको ल्यसी(योसिं) खेल पुगेको आख्यान काशी विश्वनाथ भैरवको मन्दिरसँग जोडिएको छ। काशी विश्वनाथ भैरव विस्केट जात्रा हेर्न आएकालाई भक्तपुरका तान्त्रिकद्वारा विश्वनाथलाई पशुका (तान्त्रिक धागो)ले बाँधेर भक्तपुरमै राख्ने प्रयत्न गरेका थिए। उक्त काशी विश्वनाथ तान्त्रिकको नियन्त्रणबाट फुत्किएर अलप हुन खोज्दा तान्त्रिकले उनको टाउको छेदून गरी भक्तपुरमै राखेको र शरिर मात्र काशी विश्वनाथ पठाएको आख्यान छ। यसरी काशी विश्वनाथ भैरवलाई तान्त्रिकले जितेर भक्तपुरमै राख्न सफल भएपछि हिन्दुस्तानका हिन्दू काशी जगन्नाथ बद्रीनाथ केदार चारधाम मात्र नभई चौरासी धाम तीर्थाटन् गरिसकेपछि पनि शिरधाम पशुपतिनाथ र भक्तपुरको काशी विश्वनाथ भैरवको दर्शन नगरे सम्म तीर्थाटन पूरक भएको मानिदैन।

काशी जगन्नाथ दर्शन पश्चात जवसम्म पहिलो श्री पशुपति नाथ काठमाण्डौको र दोस्रो भक्तपुकरो विश्वनाथ भैरवको दर्शन गर्दैन तवसम्म तीर्थालुले मनले चिताउको पुरा नहुने जनविश्वास छ। ने.सं ६९२ मा राजा विश्व मल्ले आफ्नै दरबार अगाडि तौमधिमा कुल देवता बीरभद्र र आगम (आगं) देवदेवी स्थापना गराई लिङ्ग समेत बसोबास गराई पूजापाठ गराइएको पाउँदछ। ने.सं ७५० मा राजा जगज्योती मल्ले भुईतला आकृतिमा निर्माण गराईएको काशी विश्वनाथको मन्दिरलाई राजा भूपतिन्द्र मल्लले हाल सम्म देखिएको तीनतल्ले आयातकार मण्डप शैलीयुक्त मन्दिर वनाएको मानेको छ। त्यसउता यस जात्रालाई विश्वनाथ जात्रा पनि भनिन थालिएको मानिएको छ। ने.सं ७२६ र ७५८ कालिन राजा जगज्योति मल्ले तिन तल्लाको र दुई तल्लाको भद्रकालीको रथ निर्माण गराई व्यवस्थित रुपमा सञ्चालन गराएको भनी मानिएको छ। अब आयो राजनीतिक याने वितेका राजनीति इतिहासहरुको मध्य एक सानो रसिलो इतिहास यसरि दिइ गइरहेछु।

मध्य एशियाबाट आएका बाबर द्वारा स्थापित मुस्लिम शासन ३३१ वर्ष र २०० वर्ष वृटिस उपनिवेश भोगको पछि भारत नामकरण भएको हो। सन् १९४७ (वि.सं २०७४) मा स्वतन्त्र हुँदा प्रतिकात्मक नाम मात्र थियो नै भोगोलिक पारिभाषिक शव्द मात्रै थियो, संयुक्त देश थिएन, भारत नामै थिएन। ५७० वटा साना ठूला भिन्न भिन्न स्वतन्त्र देशका राज्यहरु थिए वृटिस गभर्नर जनरलद्वारा शासित र आन्तरिक शासन गर्ने हक पाएका राजा वा नवाबद्वारा शासित राज्यहरु थिए। यस वाहेक फ्रान्स र पोर्चुगलद्वारा उपनिवेश वनाईएका भारतीय राज्यहरु

पनि थिए। यिनीहरु स्वतन्त्रता पछि पनि धेरै वर्ष भारत अन्तर्गत प्रवेश भएनन्। सार्वभौमिकता हस्तान्तरण गर्नु पहिला बृटेनले राजा अथवा नबाब शासित राज्यलाई भारत र पाकिस्तान मध्ये एक रोज्ने अधिकार दिएको थियो। यो अधिकार पाएपछि वृटिसको इन्डिया अन्तर्गत शासनको अधिकार उपयोग गरिरहेका हेदराबाद, जोधपुर, भूपाल, जुनागढ र त्रभानकोर राज्यहरुले भारतमा सामेल हुन अस्विकार गरे। हैदरावादका शासक ओसमान अली खाँले स्वतन्त्रताको घोषणा र जुनागढ पाकिस्तानमा विलीन भएपछि एकीकृत भारत निर्माण प्रक्रियामा ठूलो धक्का लाग्यो नै। संघीय गणतन्त्र गठनको प्रक्रिया शुरु हुँदा नै भारत विखण्डन हुने स्थिति बन्यो। आफ्नै सेना, रेलसेवा हुलाक सेवा र रेडियो प्रसारण समेत भएको हैदराबादका शासकले स्वतन्त्र देशको हैसिएत हासिल गर्न संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदलाई समेत गुहारे। वर्तमान राज्यहरु तेलंगना, कर्नाटका र महाराष्ट्रको ठुलो भागसमेत मिलेर बनेको तत्कालीन हैदरावादले गोवालाई उपनिवेश बनाईरहेको पोर्चुगल सरकारको समर्थन पनि पाएपछि भारतको लागि चुनौती निकै बढ्यो। यो चुनौती कति बलियो थियो भन्ने कुरा भारत गणराज्य स्थापनाको १३ महिना पछि याने सन् १९४८ (वि.सं. २००५) सेप्टेम्बरमा हैदराबादलाई भारतमा घुसाउने कारबाहीमा कम्तीमा पनि ३८/४० हजार मानिसहरु मारिउकोले नै पुष्टिगर्छ याने हुन्छ। यस्तै गरी वर्तमान भारतीय राज्यहरु केरला र तमिलनाडुका अधिकांश क्षेत्रहरु मिलेर बनेको त्रभनकोरमा करिव दुईसय वर्षदेखि राजको शासन थियो जवाहरलाल नेहरु र एकीकरणको अभिभारा सम्हालेका उपप्रधानमन्त्री तथा गृहमन्त्री सरकार बल्लभभाई पटेललाई विश्वास नभएकाले प्रधानमन्त्री नेहरुले नेपालसँग २९ जुन १९४८ (वि.सं २००५) मा सैनिक सहायता मागे। चिठ्ठीमा नेहरुले लेखेका थिए पूर्वी पञ्चाव, हैदरावाद र कास्मिरको अवस्थाबाट चुनौती बनेको सुरक्षा स्थितिको सतर्कता पूर्वक मूल्यांकन गर्दा भारतका राज्यमा आन्तरिक सुरक्षा कायम राख्न दश बटालियन नेपाली सेनाको सहयोग पाउन अत्ति आग्रह गर्छु। परिस्थिति कति सम्मको खतरनाक थियो भने भारतका प्रधानमन्त्री नेहरुले चार बुँदाको यो चिठ्ठीको अन्तिम बुँदामा परिस्थितिको गम्भीरताले छिटो जवाफ पाए अनुग्रहित हुनेछु। हाम्रो आग्रह स्वीकार गरी सैनिक सहयोग दिन नेपाल सरकार तयार भएमा विस्तृत सर्तहरु छिटो तय गरिने छ लेखेको थिए। प्रधानमन्त्री श्री ३ मोहन शमशेरले (राणाकालीनमा तानाशाही भए पनि भूराजनीतिक र देशलाई अधिक इज्जत राख्दछ जोगाएको छ, सकेसम्म २००७ प्रजातन्त्रदेखि खानेदाउ तन्त्रमात्र विकाश गरे। आफ्नो जेठो छोरा जनरल शारदा शमशेरलाई कन्टिन्जेन्ट चिफ बनाएर आठहजार नेपाली सेना भारत गठन (निर्माण) प्रक्रिया पुरा गर्न पठाए दुईवटा विश्वयुद्धहरुको अनुभव एवं अनुशासित नेपाली सेनाले जन्मिनेवित्तिकै आएको विपत्तिबाट भारतलाई जोगायो। भारतको एकीकरण प्रक्रिया सम्पन्न भयो। तर नेपाली सेनाले नेपाल फर्किने तयारी शुरु गर्दा प्रधानमन्त्री नेहरुले १४ डिसेम्बर १९४८ मा पठाएको दोस्रो

बाँकि ६ पेजमा

गौतम बुद्ध म्युजिक एण्ड फिल्मस् अवार्ड-२०२४ सम्पन्न

• **मेरो संवादादता**

काठमाडौं/पहिलो संस्करणको गौतम बुद्ध म्युजिक एण्ड फिल्मस् अवार्ड-२०२४ को ग्राण्ड फिनाले सम्पन्न भएको छ। 'अग्रजलाई सम्मान नयाँलाई प्रोत्साहन, मौलिक गीत संगीतको संरक्षण हाम्रो अभियान' भन्ने मूल नाराका साथ बि.एस.के.एक्टिभ नेपाल प्रोडक्सन प्रा.लि.ले आयोजना गरेको उक्त कार्यक्रम शनिबार काठमाडौंमा सम्पन्न भएको हो।

कार्यक्रमलाई प्रतिनिधि सभाकी उप-सभामुख ईन्दिरा राना मगरले दीप प्रज्ज्वल गर्दै उद्घाटन गरेकी थिइन्। विशिष्ट अतिथिको रुपमा पूर्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्य मन्त्री परशुराम तामाङ सहभागी रहेका थिए। प्रमुख अतिथि मगर र विशिष्ट अतिथि तामाङले सबै विधामा विजेता भएका कलाकारहरुलाई अवार्ड प्रदान गरेका थिए। सर्वोत्कृष्ट पप गीतको अवार्ड गायक सरगम राईले जितेकी छिन्। त्यस्तै पप गीतबाटै सर्वोत्कृष्ट मोडल पुरुषतर्फ शिरेश थापा, महिलातर्फ शुशिला तामाङ, शब्द रचनातर्फ रोजन लामा र सर्वोत्कृष्ट निर्देशकमा लोकेन्द्र तामाङले अवार्ड प्राप्त गरेका छन्।

त्यस्तै लोक दोहोरीतर्फ सर्वोत्कृष्ट गायिकाको अवार्ड कमला थापा, सर्वोत्कृष्ट लोक दोहोरी (महिला) मोडलको अवार्ड रितु तामाङ र सर्वोत्कृष्ट लोक दोहोरी मोडल (महिला, पब्लिक च्वाइस)को अवार्ड नारायणीले जितेका छन्। यसैगरी सर्वोत्कृष्ट लोक दोहोरी गायकको अवार्ड रामहरि भण्डारीले हात पार्दा गायक यमन खनालले सर्वोत्कृष्ट लोक दोहोरी गायक पब्लिक च्वाइसको अवार्ड प्राप्त गरेका छन्। सर्वोत्कृष्ट लोक दोहोरी कम्पोजरमा मदन नेपाली सुफिक्स, सर्वोत्कृष्ट लोक दोहोरी नव मोडलमा पुरुषतर्फ राम कुमार गजमेर, सर्वोत्कृष्ट देउडा गायकमा गोर बहादुर कार्की, सर्वोत्कृष्ट सालैजो गायिकामा पार्वती थापा र सर्वोत्कृष्ट सालैजो निर्देशकमा सिताराम रानाले अवार्ड प्राप्त गरेका छन्। त्यस्तै चलचित्रतर्फ सर्वोत्कृष्ट निर्देशक (तामाङ चलचित्रबाट)को अवार्ड राज किङ वाइबा (सुक बहादुर तामाङ)ले जितेका छन् भने सर्वोत्कृष्ट नायकको अवार्ड (तामाङ चलचित्रबाट) सोनाम तामाङ र सर्वोत्कृष्ट नव नायिकाको अवार्ड संगिता तितुङले जितेका छन्। तामाङ चलचित्रबाटै सर्वोत्कृष्ट छायांकारको अवार्ड सन्चु थोकर तामाङलाई र सर्वोत्कृष्ट सह-निर्देशकको अवार्ड रेशम कुमार श्याउली तामाङलाई प्रदान गरिएको छ। त्यसैगरी डिमा घेल लामा शेर्पाले शेर्पा गीतमार्फत सर्वोत्कृष्ट गायकको अवार्ड जितेका छन्। सेलो गीततर्फ सर्वोत्कृष्ट महिला मोडलको विजेता मनिका सिन्ताना तामाङ, सर्वोत्कृष्ट महिला नव मोडल यमुना मगर, सर्वोत्कृष्ट पुरुष नव मोडल उपेन्द्र खड्का, सर्वोत्कृष्ट पुरुष मोडल अमृत तामाङ, सर्वोत्कृष्ट शब्दकार स्व.लिलि योन्जन, सर्वोत्कृष्ट गायक जोगलाल तामाङ, सर्वोत्कृष्ट गायिका विपना तामाङ र सर्वोत्कृष्ट गायक प्रकाश वाइबा ले अवार्ड प्राप्त गरेका छन्। आधुनिक गीततर्फ प्रचण्ड बाबु राईले सर्वोत्कृष्ट गायक, निता आचार्यले सर्वोत्कृष्ट गायिका, भिम बहादुर मगरले सर्वोत्कृष्ट गायक (नेपाली आइटम), प्रिति रिमालले सर्वोत्कृष्ट गायिका (पब्लिक च्वाइस), शंकर थापा स्माइलले सर्वोत्कृष्ट संगीतकार, कृष्ण क्षेत्री (नेपाली मान्छे)ले सर्वोत्कृष्ट रचनाकार र गोविन्द सोनीले सर्वोत्कृष्ट ध्वनी मिश्रणको अवार्ड जितेका छन्।

त्यसैगरी म्हेन्दोमाया गीततर्फ रमेश गोम्जाले सर्वोत्कृष्ट गायकको अवार्ड जित्दा रिचा ब्लोनले सर्वोत्कृष्ट गायिकाको अवार्ड प्राप्त गरेका छन्। सर्वोत्कृष्ट नव गायिकामा सन्जु लामा, सर्वोत्कृष्ट मोडल महिलामा ममता तामाङ, सर्वोत्कृष्ट मोडल महिला (पब्लिक च्वाइस)मा सुनिता तामाङ, सर्वोत्कृष्ट महिला मोडल(जुरी अवार्ड) ननिता तामाङ, सर्वोत्कृष्ट नव गायिका (जुरी अवार्ड)मा मिना तामाङ, सर्वोत्कृष्ट पुरुष मोडलमा दुर ब्रेब गुरुङ, सर्वोत्कृष्ट निर्देशकमा एम ।बी। गुरुङ र सर्वोत्कृष्ट नव गायकमा सुर्य लामाले अवार्ड जितेका छन्।

सो कार्यक्रममा ४७ विधामा अवार्ड प्रदान गरिएको हो। अवार्डको निर्णायक मण्डलमा डिका गुरुङ, राजु खड्का, विजेन्द्र नौबागे, रोशन फ्युबा तामाङ, जित बहादुर पुन (जि पुन) र निरेन श्रेष्ठ थिए। कार्यक्रममा गीत संगीत र चलचित्रमा योगदान पुऱ्याएका विभिन्न विधाका अग्रज कलाकार हरुलाई सम्मान गर्दै सम्मान पत्र वितरण गरिएको थियो। सम्मानित हुनेहरुमा लोकप्रिय गायक तथा संगीतकार यम बराल, रोहित अधिकारी, मर्नेन तामाङ, म्हेन्दोमाया गायक आरम्भ तामाङ, काले तामाङ, गायक उत्सब सुब्बा लामा, माधव भण्डारी, गोपाल दयाल, गायिका रमला पाखृन तामाङ, विशाल योन्जन तामाङ लगायत थिए। गत चैत्र २५ गते थाइल्यान्डको पतैया शहरमा यस ग्राण्ड फिनालेको उद्घाटन कार्यक्रम सम्पन्न भएको थियो।

संगीत चर्चा

लय/ताल - २

✍ गंगादेवी महर्जन

संगीतमा तालसँगै लयको पनि उत्तिकै महत्व रहेको हुन्छ। निर्धारित तालालाई कसरी गाउने वा बजाउने भन्ने निर्धारण लयले गरीरहेको हुन्छ। निश्चित तालालाई निर्धारित मापदण्डभन्दा ढिलो वा चाँडो गरी बजाइन्छ वा गाइन्छ भने त्यसलाई लय भनिन्छ।

संगीतमा लयलाई बिलम्बित, मध्य र द्रुत गरी विभाजन गरिएको हुन्छ। मध्य लयलाई समान पनि भन्ने गरिन्छ। सामान्यतः मध्य लयमा एक सूर र अर्को सूरबीचको दुरी एक सेकेण्डको मानिएको छ।

यसैगरी एउटा सूर/बोल र अर्को सूर/बोलको बीचको अन्तर मध्य भन्दा दुई गुणा ढिलो भए बिलम्बित र छिटो भए द्रुत लय भन्ने गरिन्छ।

लयलाई अझ कम वा बढी गरी अति बिलम्बित र अति द्रुत पनि भन्ने गरिन्छ। द्रुत लयमा मात्राको आधारमा दुगुण, तिगुण, चौगुण पनि भन्ने गरिन्छ।

उदाहरणको लागि हामी प्रचलित कहरवा तालालाई लिऔं।

कहरवा तालमा दुई विभाग, एक ताली र एक खालि हुने गर्दछ भने यो ताल जम्मा आठ मात्राको हुन्छ। जसलाई यसप्रकार लेख्न सकिन्छ।

मात्रा	१	२	३	४	५	६	७	८	१
बोल	धा	गे	ना	ति	ना	क	धि	ना	धा
ताली	X				०				X

यसै तालालाई द्रुत लयमा गाउँदा वा बजाउँदा यस्तो हुन्छ।

दुगुण

मात्रा	१	२	३	४	५	६	७	८	१
बोल	धागे	नाति	नाक	धिना	धागे	नाति	नाक	धिना	धा
ताली	X				०				X

चौगुण

मात्रा	१	२	३	४	५	६	७	८	१
बोल	धागेनाति		नाकधिना		धागेनाति		नाकधिना		धा
ताली	X				०				X

यसै तालालाई विलम्बित लयमा गाउँदा वा बजाउँदा यस्तो हुन्छ।

मात्रा	१	२	३	४	५	६	७	८	१
बोल	धा	-	गे	-	ना	-	ति	-	
	ना	-	क	-	धि	-	ना	-	धा
ताली	X				०				X

नेपालमा कहरवासँगै, दादरा, झप, रूवक, दीपचण्डी, एकताल, चौताल, सुलफाक, धमार, तिलवाडा, आडा चारताल, झुमार आदि तालहरु प्रचलित रहेका छन्। यी तालहरुको परिचय समय सान्दर्भिक रुपमा प्रस्तुत गर्नेछु। अहिलेसम्मको लेख/रचनाहरु कस्तो लागिरहेको छ, यहाँहरुको प्रतिक्रियाको अपेक्षा गर्दछु।

राम प्रजापति
प्रोप्राइटर
हारती मिठाई भण्डार
(शुद्ध शाकाहारी)
कालिमाटी चोक, टंकेश्वर मार्ग, काठमाडौं।
फोन नं. : ५३७२१९९, मो. ९८०३९८०६९९
यहाँ :- विवाह, व्रतबन्ध, पार्टी, पिकनिक तथा अन्य शुभकार्यको लागि अर्डर अनुसार मिठाईको व्यवस्था गरिन्छ।

नेवाः एफएम १०६.६ मेगाहर्जय्
हरेक बिहिवार
न्यनादिसँ, न्यंकादिसँ, ब्वति कयादिसँ
जि नं म्ये हालेसः
थीथी सिरपाः त्याका दिसँ ।
ब्वतिया निति फोन ल्याः
०१४३३४२२२

नेवाः सः
नेवाः एफएम १०६.६ मेगाहर्ज
Newa FM 106.6 MHz
न्हिच्छि-चच्छि
२४ घन्टा प्रसारण
विश्व न्यंक प्रत्यक्ष : newafm.com.np
नेपालभाषा एकेडेमिया निति
अनक मिडिया प्रा. लि.
न्यामसिमा, किपः, ललितपुर।
फोन न्याः ४३३०२२१, ४३३४०००
इ-मेल : ankmedia.newafm@gmail.com
ANK MEDIA Media for Social Good
ह्याम्रो पात्रो

किपा : नविन सिंह

म्वानाच्वंम्ह लास

✍ **रिता महर्जन "ऋतु"**

वैगु म्हुतुं न्हयाब्लें धाइ- "प्यम्ह मनू न्ह्यःने तयाः खँ ल्हायेगु"

अयू बाऽ..... भी निम्हेसिया दथुइ सु न्ह्यःने थने हयेगु प्यम्ह मनू.... जिं न्वाये वयात !

अयू..... छ ला आलु धाःसा पालु थुइम्ह का... वं न जितः न्वाइ ।

वैगु ब्यक्वः ब्यक्वः खँग्वःत जितः न्यने हे मयः। तर व छम्ह तःधंम्ह मनू। सरकारी ज्या यक्व ल्हातयू दुम्ह। जिपिं निम्हेसिया अप्वः धै थें म्वाः मदुगु खँयू जक ल्वापु। अयूनं व नापं च्वनेबलयू जितः सुखानुभूति जू। थ्व खँया अनुभूति वैत गुब्लें याके मफुत जिं।

"छं ला यक्व मनूत म्हस्यू, छं जितः छिमि मनूत म्हसीका ब्यु, भी निम्ह मिले जुयाः ज्या याये। छन्त नं ज्या दै।" थ्व खँ धाःगु म्हिगः तिनि थें च्वं। जिं वैत जिगु संसार म्हसीका बिया। जिगु धुकूपिकू अले जिगु आगं फुक्क प्वलाः खँ कनाजुया। वं अँ अँ यानाः लातां पापा स्वये थें यानाः जिगु खँ थुइका वन।

आः झीपिं निम्ह नापं न्ह्याः वने फै मखुत। वं छन्हु अनायास जितः न्यंकल। नुगलयू मलूगु खँ न्यनेमाल।

'छायू छु जुल ?' जिं न्यना।

'छनाप जुइगु जिमि कलाःयात मयः। जि मचाखाचा दुम्ह, जि व्यबहारिकता दुम्ह।'

जि अजू चाल। जिं धया "जिं छु स्यंकागु दु ? नापं ज्या यानाः छंगु छैं परिवारयात मयये माःगु छु दु ?"

न्ह्याथेंसां थजु, छ जितः म्वाःल। छ सीसा बरु सिनाहुँ, जितः मतलब नं मन्त तर जिं जिगु छैं स्यंके मखु।

वैगु थ्व खँ न्यना जिगु नुगलयू भ्वखायू ब्वल, कथं सू थें जुल। वैगु निंतिं जिं जिगु छैं स्यंकाम्ह, थौं वैत हे जि म्वाःल।

'म्वाःल सा हुँ, जितः नं छ म्वाःल। न्हापा छंगु छैं परिवार मदु ला ? कलाः मदु ला ? व्यबहारिकता मदु ला ? थौं गथे सकलें न्ह्यःने दं वल ? जिं छु गल्ती याना ?' जिं वैके न्ह्यसः तया।

वं छुं न्वमवा। वं सुम्क मेगु लँपुइ थःगु पलाः न्ह्याकल।

मिसा नुगः खः जिगु, जिगु मिखां खुसिइ लः बाः वः थें बाः वयेकाः जिं नं जिगु तुति मेथायू न्ह्याका।

थौं वया न्ह्यः न्ह्यः ल्यू ल्यू जिं म्हसीका बियापिं मनूत नापं ज्या याना वन, छैं परिवार कलाःनापं वं न्ह्याइपुक्क जिन्दगी न्ह्याकल। जिं वैत ल्वःमंके मफुगु हुनिं जि मानसिक ल्वयूया अस्पतालयू ग्वतू वयेमाल।

जि आशा, डा. आशा। जिं थ्व कविताया बाखं वैगु डायरीदुने ब्वना। व छम्ह विवाहित मिसा, अयूनं छम्ह विवाहित मिजंयात मतिना याःगु लिच्वःकथं, थौं कविता मानसिक अस्पतालयू गंगु सिमा थें जुयाः द्यनाच्वंगु दु।

वैगु मिखा सदां हुंकन सुं वै ला धकाः पियाच्वंम्ह थें। म्हुतुसि कक्रक्क गं, मिखादुने पिचः तन्न, छैं परिवारया थौं वयात सुयागुं साथ मदु। कवितां वैगु डायरीदुने च्वैतःगु दु, सुं मिसा विवाहित मिजंया मतिनायू तमक्यनेमा, मखुसा जिगु हालत थें जुइ, म्वानाच्वंम्ह लास थें जुइ। छुं जुयाः जि सिनावन धाःसा जिगु लास पशुपतिया इलेक्ट्रिक शबदाहयू तयाब्यु।

कवितां वैगु डायरी थन हे दिकातल। मतिना यानाया कसा थौं सिर्फ कविता याकःचां फयाच्वन। जिं वैत क्वथीक स्वये तर वैगु छुं होस मदु।

कमलादी गणेद्यःया जात्रा

• **मेरो साप्ताहिक डेस्क**

दँयूदसं चौलाथ्व चतुर्दशी खुनु न्हिनयू श्री कमलादी गणेद्यःया त्यःरकमलाक्षीइ च्वंगु द्यःछैंयू च्वंगु स्वंगू श्री कमलादी गणेद्यःया पुरातात्विक मूर्तितयूत छत्रं कुइकाः खतयू तयाः गुथिया सकल गुथियार व ल्यायम्ह कायू-छयूपिं तकं अनिवार्य ब्वति कयाः गुथि द्यःछैंयू मुनाः परम्परागत बाजंनापं असं, जमः, तीनधारा, कमलपोखरी, पुतली सडक, कमलादीया थीथी थायूत चाःहिकाः बहनी श्री कमलादी गणेद्यःया देगलयू बिज्याकाः श्री कमलादी गणेद्यःया मूर्तिया न्ह्यःने खतयू च्वंगु स्वंगुलिं गणेद्यःया मूर्तियात नं कथहं बिज्याकाः पुजा यायूगु परम्परा दु।

थ्व जात्राया हे इवलयू श्री कमलादी गणेद्यःया खः। जात्रा चौलाथ्व चतुर्दशी व पुन्ही खुनु न्हापांनिसें न्ह्यानावयाच्वंगु जात्राया लँ छ्यलेगु निंतिं तीनधारा पाठशालाया पूर्वपाखेच्वंगु पःखाः गणेद्यः पाःलाःपिं वनाः थुं वनेमाःगु चलन न्ह्यानावयाच्वंगु दु। ल्हुति पुन्हि खुनु गुथिया सकल गुथियारत सुथयू द्यःछैंयू मुनाः सांस्कृतिक परम्परागत बाजा धिमे, खिं दापा सहित तीनधारायू च्वंगु पासिको अजिमा व श्री कमलादी गणेद्यः देगलयू धार्मिक भजन किर्तन यायूगु याइ।

उखुनु श्री कमलादी गणेद्यः मन्दिर परिसरयू मरःजा नकेत कमलादी गणेद्यः देगःया पाःलाःतयूसं चौरासी व्यञ्जन परिकारत तयार यानाः, गणेद्यःया लागि पूजा सामानसहित सम्पूर्ण गुथियारपिसं उपस्थितिइ सांस्कृतिक परम्परागत बाजागाजा सहित द्यःछें चौरासी व्यञ्जनसहित श्री कमलादी गणेद्यः देगः थ्यंकाः थाकुलिपाखें पूजाआजा यानाः आगन्तुक चि-चीधिकःपिं मस्त व मिस्तयूत सिन्हः तिकाः चौरासी व्यञ्जन सहित मरःजा नकेगु याइ।

उखुनु हे बहनी सकल गुथियारत व गुथियारया ल्यायम्ह कायू-म्ह्यायू पिं, छयूपिंतकं कमलादीइ न्ह्यखुनु बिज्याकूगु स्वंगुलिं गणेद्यःया मूर्तियात हाकनं खतयू तयाः बाजंलिसं न्ह्यखुनु हःगु हे लँपुं कमलाक्षीइ च्वंगु द्यःछैंया मूलुखायू चच्छि तयूगु याइ। चच्छि पाःलाःत पाः च्वनी।

सकल गुथियारतयूत द्यःछैंयू नयू त्वने याकाः ल्यायम्ह कायू-म्ह्यायू, छयूपिसंतकं ब्वति कयाः खतयू तयातःम्ह गणेद्यःयात पूजा फयूकेत यैंया थीथी थासयू न्हिछि चाःहिकाः गुथिया दुजःपिं व गुथियारया म्ह्यायू मचा व मेपिं भक्तजनपिनि छैंयू छैंयू यंकाः पूजा फयूकी। देयू चाःहिके धुंकाः सनिलयू द्यःछैंया मूलुखायू दिकाः थाकुलिपाखें विधिपूर्वक लसकुस याकाः श्री कमलादी गणेद्यःया द्यःछैंयू न्यातजाः मध्ये दकलयू च्वयूया तँयू आसनयू बिज्याकी अले सकलें गुथि दुजःपिं, कायू-म्ह्यायू व छयूपिन्त तकं प्रसाद नकी। सकल गुथि खलःया दुजःतयूत प्रसाद ग्रहण व त्वाःभ्वयूया व्यवस्था यानाः उखुनु हे निसें कमलादी गणेद्यः देगःया पाःलाःपिनि पाः लःल्हानाः दच्छिया निंतिं १२ म्ह पाःलाः मिलयू यानाः श्री गणेद्यःया तिसा वसःतकं लगत बियाः पाः बिइ। उखुनुनिसें न्हूपिं कमलादी द्यःयाथायू न्हूपिं पाःलाः हिली।

नेपालभाषा सिकौं/नेपालभाषा सयेके - १२५

खँग्वः	नेपालभाषा अर्थ	नेपाली अर्थ
गुलि, सं.	दुलायू दुने लाःगु छता ला, आतापुति।	आंद्राभुँडी।
गुलि, नि.	थुलि उलि धायूकेत बा न्ह्यसः तयूत छेले दुगु खँग्वः।	कति।
गुलि जक, क्रि. वि.	गुथायूतक।	कतिसम्म, कहाँसम्मन्।
गुलि तक, क्रि.वि.	१. गुलि जक।	कतिको।
	२. गुलि ताहायूक।	कति लामो।
गुलु, सं.	१. अयूलाः काइबलयू अयूला हायूकेगु बावंचागु अःखुंचा दुगु थल।	रक्सी पार्दा थोपा थोपा गरी चुहाउने र थाप्ने भाँडो।
	२. अयूला कायूगु बाता।	रक्सी पार्ने बाटा।
	३. न्ह्यलुवा, न्ह्याचिला जुइम्ह।	अगुवा, नेता।
	४. भापी मफयूक थ्वँ अयूलाः त्वना जुइम्ह।	जँड्याहा, रक्सीबाजा।
	५. छता अप्वेक बा द्वादुक याना जुइम्ह।	लग्गू, लम्पट।

हलिं नेवाः गुथि गतिविधि

नेवाः देय् गुथिया पूर्वनायःलिसे सहलह

• **मेरो संवाददाता**

यैं/हलिं नेवाः गुथिया छगू प्रतिनिधि मण्डलं नेवाः देयू गुथि नेपालमण्डलया पुलांम्ह नायः मोहन बहादुर महर्जनलिसे नाप लानाः थीथी विषयस सहलह ब्याकूगु दु।

बागमती प्रदेश सरकारं नेपालभाषायात सरकारी कामकाजी भाषाया रुपयू छ्यलेगु व हलिं नेवाः गुथिया थीथी ज्याझवःया विषयलयू सहलह जूगु ज्याझ्वलयू गुथिया संस्थापक नायःलिसें संरक्षक शान्त प्रकाश श्रेष्ठ व वर्तमान नायः विनोद महर्जनया ब्वति दुगु खः।

वयूकःपिसं गुथिया दुजःपिन्त आर्थिकरुपं थकायेगु लँपुया सम्बन्धयू थीथी लजगाः, उत्पादन, बजार व्यवस्थापन, वितरण नापं श्रोतया व्यवस्थापन यायेगु विषयस सहलह ब्याकूगु खः।

इयालिंचा

कलाः म्हं बाथरुम दुनें थ भाः तयात तसकं रोमान्टिक पहलं सः तल - डार्लिङ्ग जि थन बाथरुमयू दु जिं साब्वं थाये धुन, प्लिज छिं छकः ग्वाहालि याना बियादिसँ ले....

सोफायू ग्वारातुलाः मोबाइलयू सनाच्वंम्ह भाःतम्ह जुरुजारु दनाः लिसः बिल - वल डार्लिङ्ग वल।

अले हथायूपथायू बाथरुमयू वन।

अन कलाःम्ह बातायू छद्धं वसः तयाः न्ह्यःने दनाच्वन अले धाल - जिं दक्वं वसतयू साब्वं थाये धुन छिं थःगु बल्लाःगु हातं वसः यात बांलाक ब्वब्वस्यानाः हियाब्यु अले चायाः तिसिनाः तलयू कःसी पानाब्यु। जिगु भुतुली मेगु ज्या दु।

नेपाल यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका लागि सुरक्षित

काठमाडौं/यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका लागि नेपाल सुरक्षित र सम्मानित रहेको दाबी अन्तर्राष्ट्रिय समुदाय समक्ष प्रस्तुत भएको छ। नेपालमा सबै खाले हिंसा अन्त्य हुने र सम्मानित हुने पर्याप्त कानुन रहेको दाबी सरकारले प्रस्तुत गरेको हो।

नेपालमा पहिलो पटक आयोजना भएको इन्द्रेणी (रेन्बो) पर्यटन अन्तर्राष्ट्रिय सम्मेलनमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीले लैङ्गिक समानता नीति २०७७ मै लागू भएको बताइन। 'लैङ्गिक समानता नीति २०७७ मा लागू भएको छ,पहिलो समलिङ्गी विवाह दर्ता भएको छ,' मन्त्री चौधरीले भनिन्, 'विगतमा पनि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका लागि लुम्बिनी र कोशी प्रदेशमा अभिमुखीकरण र सचेतनाका कार्यक्रम सञ्चालन भएका थिए, अब सातै प्रदेशमा सञ्चालन गर्ने तयारी छ।'

'पिंक टुरिजमका लागि हाम्रा होटलहरु, हेरिटेजहरुमा भएका व्यक्तिहरूले सर्भिस डेलिभरी, हस्पिटालिटी लैङ्गिक मैत्री छ, त्यो सुरु भैसकेको छ,' उनले भनिन्, 'प्रदेश र स्थानीय तहमा रहेका पर्यटकीय क्षेत्रमा पनि इन्द्रेणी पर्यटन आकर्षित गर्न सकिन्छ।'

नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा मायाको पहिचान नेपालले अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरेको हो। नेपाललाई इन्द्रेणी पर्यटनको गन्तव्य बनाउने उद्देश्यका साथ आयोजना भएको सम्मेलनमा मन्त्री चौधरीले लैङ्गिक समानताका लागि कानुन पर्याप्त रहेको भन्दै पूर्ण रूपमा कार्यान्वयनको क्रममा रहेको जानकारी दिइन।

नेपालमा पहिलो पटक १३ मङ्सिर २०८० मा लमजुङको दोर्दी गाउँपालिका कार्यालयले माया गुरुङ्ग र सुरेन्द्र पाण्डेलाई विवाह दर्ताको प्रमाण पत्र दिएको थियो। माया र सुरेन्द्रको पहिलो विवाह दर्ता भएसँगै सुप्रिता गुरुङ्ग र दिप्ती श्रेष्ठलाई बर्दियाको बढैयाताल गाउँपालिकाले लेस्बियन विवाह दर्ताको प्रमाण पत्र दिएको छ।

मन्त्री चौधरीले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका लागि नेपालले अपनाएको समावेशी चरित्र विश्वमाझ पुऱ्याएर इन्द्रेणी पर्यटन भित्र्याउन लाग्नु पर्ने बताइन। पहिलो अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरेकोमा आयोजक एवं सहयोगीलाई धन्यवाद दिँदै मन्त्री चौधरीले इन्द्रेणी पर्यटन क्षेत्रबाट थाइल्यान्डको कुल गार्हस्थ्य उत्पादनमा २० प्रतिशत योगदान दिएको उल्लेख गरिन्।

सर्वोच्च अदालतका न्यायाधीश हरि फुयालले नेपाल यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक पर्यटकका लागि सुरक्षित रहेको बताए। समलिङ्गी विवाह दर्ता हुन थालेको भन्दै न्यायाधीश फुयालले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका लागि नेपालमा सम्मानित वातावरण रहेको उल्लेख गरे।

नेपाल पर्यटन बोर्डकी कार्यकारी प्रमुख नन्दनी लाय थापाले पिंक टुरिजमका लागि नेपाल गन्तव्य मुलुक बन्ने सम्भावना रहेको बताइन्। उनले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक पर्यटक भित्र्याउन पर्यटन बोर्डले काम गरिरहेको बताइन्।

एसियाकै पहिलो समलिङ्गी सभासद् एवं मायाको पहिचान नेपालका कार्यकारी निर्देशक सुनिलबाबु पन्तले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक पर्यटकलाई स्वागत गर्न नेपाल तयार भएर बसेको बताए।

उनले अरू देशमा जस्तो नेपालमा आउँदा डराउनु पर्ने अवस्था नरहेको बताए। 'संवैधानिक अधिकार दिएको छ। अरू देशमा जाँदा डराई डराई जानु पर्छ,' पन्तले भने, 'यहाँ (नेपाल) सुरक्षा छ। समलिङ्गी विवाह हनिमुन डेस्टिनेसनको रूपमा लैजाने सोचिरहेका छौं।'

नेपालका लागि युरोपियन युनियनकी राजदूत भेरोनिक लोरेन्जोले विश्वका १४५ देशमा गरिएको अध्ययनमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका लागि नेपालको अवस्था राम्रो रहेको बताइन। '१४५ देशहरूमा नेपालको अवस्थामा राम्रो र उत्साहप्रद देखिएको छ। अनुकरणीय छ। प्रगति राम्रो भएको छ,'उनले भनिन्, 'समलिङ्गी विवाहलाई कानुनी मान्यता दिने नेपाल एसियामा दोस्रो देश बनेको छ।'

भारत सामु ...

पत्रमा लेखिएको थियो नेपाल सूकारले दश बटालियन नेपाली सेना पठाएर दिएको सहयोगका लागि भारत सरकार आफ्नो सरकार बच्न र बचाउन पाउँदा अत्याधिक रुपमा आभार छ। नेपाल सरकारको यो सैनिक सहयोगले नै भारत र भारत सरकारलाई शान्ति व्यवस्था कायम राख्न सम्भव भयो।

सन् १९४९ जनवरीको मध्यसम्म नेपाली सेना भारतमा नै रहुन् भन्ने आग्रह गर्दै प्रधानमन्त्री नेहरुले आफ्नो पत्रको अन्तमा लेखेका थिए ठीक समयमा प्राप्त सैनिक सहयोगका लागि मेरो व्यक्तिगत र भारत सरकारको कृतज्ञता व्यक्त गर्दै यसबाट दुई देशबीच रहेको अति घनिष्ट मित्रता पुष्टि भएको उल्लेख गर्न चाहन्छु। प्रत्येक वर्ष सेप्टेम्बर १७ मा हैदराबाट मुक्ति दिवस मनाउने भारत सरकारको हालैको निर्णयले भारतको इतिहासमा यसको महत्व सम्झाएको छ। यो समारोहमा नेपालको सहयोगलाई कसरी स्मरण गरिन्छ भनेर इतिहासका पाठकहरु उत्सुकताका साथ प्रतिक्षा गरिरहेका छन् भन्दा फरक नपर्ला।

हात वर्तमानमा आएर नेपालको भू राजनीतिकमा खिचौला उठाउँदै ओभर टेक गर्दै नेपालको भूभाग १४४८१९ हडप गरिराखेको छ भारतले। नेपालले भारत वचाई दिएको गुणमा भारतले माथि उल्लेख भूभाग भित्राए। त्यसैले भारत भन्दा नेपाल इमान्दार र सत्यता छ, भारत राष्ट्र नभई राष्ट्र चलाउने अधिक बेइमान छन्। आजको भारतको मोडी सरकार भन्दा जर्मनका तत्कालिक राष्ट्रपति हिटलर समाजवादि प्रजातान्त्रिक छन्। नत्र सन् १९३९ मा नोबेल पुरस्कार दिने घोषणा गरिन्छ त ?

सिकाली अजिमा देवगण पूजा

- **मेरो संवाददाता**

काठमाडौं/परम्परागत तुकंबहाः ह्यूमत निस्तेनाथ खलःको आयोजनामा सिकाली अजिमा (श्री रुद्रायणी देवी)को १२ वर्षे जात्राको उपलक्ष्यमा सिकाली अजिमाका सम्पूर्ण देवगणहरुको पूजा गरी प्रसाद ग्रहण कार्यक्रम सम्पन्न भएको छ।

दिउँसो सिकाली अजिमाको देवगणहरुलाई बाजागाजासहित उहाँहरु विश्राम गरिरहेको मरुबाट बाजागाजासहित स्वागत गरी पूजा गर्नुका साथै भक्तजनहरुलाई प्रसाद ग्रहण गराइएको थियो।

स्व. देवदास मानन्धरको व्यक्तित्व चर्चा

- **मेरो संवाददाता**

काठमाडौं/विविध व्यक्तित्वहरुको सहभागितामा भाषासेवी स्व. देवदास मानन्धरको स्मृतिमा जूमबाट चर्चा गरिएको छ। उहाँको व्यक्तित्वबारे प्रकाश पार्दै डा. मदनमान मानन्धरले देवदास वहु प्रतिभामुखि रहनुका साथै नेवाः समुदायको हरेक विषयमा चासो राख्ने व्यक्तित्व रहेकोले नेवाः समुदायले विर्सन नहुने कुरा राख्नुभयो।

त्यसैगरी डा. कृष्णदास मानन्धरले मानन्धर जातिको आणुवंशिक अध्ययनको क्रममा दिनुभएको योगदानको वारे चर्चा गनुभयो। लिपिविद् श्यामसुन्दर राजवंशीले नेपाल संवत् राखि क्यालेण्डर प्रकाशन गर्न पनि उहाँको योगदान रहेको जिकिर गर्नुभयो। भाषासेवी गौतम मानन्धरले थँहितिको दाफा भजन जिवित गर्न उहाँको हात रहेको जानकारी दिनुभयो त्यसैगरी। लेखक बिष्णु चित्रकारले नेपालभाषा शिक्षा लागू गर्न, युनिकोडमा नेपाल लिपि समावेश गर्न योगदान बारे चर्चा गर्नुभयो।



एसीसी प्रिमियर कपको उपाधि यूएईले जित्यो

नेपाल प्लेअफमा हङ्गकङ्गसँग पराजित

• **मेरो संवाददाता**

काठमाडौं/एसीसी प्रिमियर कपअन्तर्गत ओमानको अल अमरात क्रिकेट मैदानमा आइतवार भएको खेलमा ओमानलाई ५५ रनले पराजित गर्दै संयुक्त अरब इमिरेट्स (यूएई)ले कप हात पारेको छ।

ओमानले टस जितेर पहिले ब्याटिङ्ग गर्ने निम्तो पाएको यूएईले निर्धारित २० ओभरमा चार विकेटको क्षतिमा २०४ रन बनाएको थियो। ओमानका लागि मोहम्मद वसिमले ५६ बलमा शतकीय पारी खेलेका थिए भने असिफ खानले ३८, अलिशान शरफुले ३४ रनको योगदान दिए भने बिलाल खान २, शकिल अहमत १ र जीवन मक्सूद १ रन मात्र बनाउन सफल भएको थियो।

जवाफी ब्याटिङ्गमा उत्रिएको ओमानले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १४९ रन मात्र बनाउन सकेको थियो। ओमानका लागि प्रतिक अठभालेले सर्वाधिक ४९ रन बनाएको थियो भने खालिद कैलले ३० र फयूयाज बटले २३ रन बनाएको थियो। अरु कुनै पनि खेलाडीले दोहोर अंक जोड्न सकेनन्।

यसअघि सेमिफाइनलमा यूएईले नेपाललाई ६ विकेटले हराउँदै फाइनलमा प्रवेश गरेको थियो। एसीसी प्रिमियर कपको शीर्ष दुई टोली एसिया कप छनोटमा खेल्न पाउने अवसर सेमिफाइनलमा पराजय भोगेसँगै नेपालबाट खोसिएको थियो।

यसैबीच शनिबार तेम्रो स्थानको लागि भएको खेलमा हङकङसँग चार विकेटले पराजित भएसँगै नेपालको इमर्जिङ एसिया कप पनि गुमउन पुगेको छ। जितका लागि एक सय ४० रनको लक्ष्य पछ्याएको हङकङले १९.३ ओभरमा ६ विकेटको क्षतिमा लक्ष्य पूरा गरेको थियो। हङकङका लागि आन्सी राथले अविजित ६५ रन बनाएको थियो। यस्तै बाबर हायातले २६, अैजाज खानले १२ र नसरुल्ला रानाले अविजित ११ रन बनाएका थिए। बलिङमा नेपालका सोमपाल कामीले तीन विकेट र दीपेन्द्रसिंह ऐरीले दुई विकेट लिएका थिए।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा एक सय ३९ रन बनाएको थियो। नेपालका लागि दीपेन्द्रसिंह ऐरीले अविजित ४४ रन बनाएको थियो।

नेपालका लागि सन्दीप जोराले २२, कप्तान रोहितकुमार पौडेलले २१, कुशल मल्लले १३, सोमपाल कामीले १२, गुलशन झाले ६ र आशिफ शेखले पाँच रन बनाएका थिए।

ओपनर कुशल भुर्तेल शुन्य रनमा आउट भएको थियो। भुर्तेल यस प्रतियोगितामा लगातार तेम्रो पटक शुन्य रनमा आउट भएको हो। यस्तै करण केसी तीन रनमा पेभेलियन फर्किए भने ललित राजवंशीले अविजित दुई रन बनाएको थियो।

बलिङमा हङकङका आयुश शुक्लाले तीन, अतिक्वी इकबल, यासिम मुर्ताजा र इशान खानले एक एक विकेट लिएको थियो। इमर्जिङ एशिया कपमा प्रिमियर कपका शीर्ष तीन टोली सहित भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का र अफगानिस्तान 'ए' टोलीको सहभागिता रहनेछ।

एसियन चेस च्याम्पियनसिपमा नेपालका ६ खेलाडी

• **मेरो संवाददाता**

काठमाडौं/रसियाको मनिसियास्क खान्तिमा अप्रिल २० देखि सुरु भएको एसियन सिटिज चेस टिम च्याम्पियनसिपमा सहभागिता जनाउनका लागि नेपालको ६ चेस खेलाडीहरु शनिवार प्रस्थान गरेका छन्। अप्रिल ३० तारिखसम्म सञ्चालन हुने च्याम्पियनसिपको विजेताले ६ हजार अमेरिकी डलर पुरस्कार पाउने भएको छ। च्याम्पियनसिपमा सहभागिता जनाउन पूर्व नेपाल च्याम्पियन पुरुषोत्तम चौलागाईंको नेतृत्वमा सुश्रुत दहाल, गोविन्द श्रेष्ठ, इन्द्रकुमार बस्नेत र सागर श्रेष्ठ तथा अफिसियल सजल कार्की रुस प्रस्थान गरेको हो। च्याम्पियनसिपको उपविजेताले चार हजार पाँच सय र तेम्रो हुने टोलीले तीन हजार पाँच सय अमेरिकी डलर पुरस्कार पाउने नेपाल बुद्धिचाल महासङ्घले जनाएको छ। व्यक्तिगत बोर्डका विजेताले स्वर्ण, रजत र कांस्य पदक प्राप्त गर्नेछन्।

सहभागी टोलीको स्थानीय व्यवस्थापन आयोजकले गर्नेछ। टोलीको रजिष्ट्रेशन शुल्क महासङ्घले प्रदान गर्नेछन्। गत पुस २३ देखि २८ गतेसम्म ललितपुरमा सञ्चालन भएको तुल्सिलाल स्मृति राष्ट्रिय बुद्धिचाल टिम च्याम्पियनसिपको विजेता दोलखा होम्सलाई च्याम्पियनसिपमा सहभागिता जनाउन महासङ्घले स्वीकृति प्रदान गरेको संयोजक राजु ताम्राकारले जानकारी दिनुभयो।

प्रो. अरुण महर्जन
अरुण दुध डेरी उद्योग
ग्वंग:बुँ, कुलान्तचोक, काठमाडौं । फोन : ०१-४३६०१३३, मो. ९८५१०५८१४२/९८०३५७४८५१
यहाँ दुध, दही, मही, घ्यू, पनिर, बटर, आइसक्रिम, केक आदि पाउनुका साथै
शुभ कार्यको लागि अर्डर बमोजिम सामान उपलब्ध गराईन्छ ।

ग्राण्डमास्टर महर्जन सम्मानित

• **मेरो संवाददाता**

काठमाडौं/नेप्लिज तेक्वान्दो एकेडेमी र सुन्दरीमाई तेक्वान्दो डोजाङ नेपालले बिहीबार संयुक्तरुपमा ग्राण्डमास्टर दिवाकर महर्जनलाई सम्मान गरेको छ। नेप्लिज तेक्वान्दो एकेडेमीका अध्यक्ष तथा अन्तर्राष्ट्रिय तेक्वान्दो निर्णायक अशोक खड्काले महर्जनलाई सम्मान गरेको हो।

करिब तीन दशक अमेरिकालाई कर्मथलो बनाएर नेपाली तेक्वान्दो खेलको प्रवर्धन र विकासमा निरन्तर योगदान दिएको कदरस्वरुप ग्राण्डमास्टर महर्जनलाई सम्मान गरिएको हो। ग्राण्डमास्टर महर्जनले नेपाली तेक्वान्दो र नेपाली तेक्वान्दो खेलाडीलाई निरन्तर सहयोग गरिरहने बताउनुभयो। उहाँले अहिले पनि अमेरिकाको पोर्टल्यान्डमा २८ वर्षअघि आफूले स्थापना गरेको युएसडब्ल्यूसी तेक्वान्दो एसोसिएसन हलिउडमार्फत् तेक्वान्दो खेलाडी उत्पादन गरिरहनुभएको छ।

यसैगरी महर्जन अन्तर ष्ट्रिय ओपन फ्रेन्डसीप तेक्वान्दो च्याम्पियनसिप (आइओएफटिसी) का परिकल्पनाकार पनि हुनुहुन्छ।

यस पटक पनि दक्षिण कोरियाको सोलमा हुने १४ औं आइओएफटिसीमा नेपालका ६ खेलाडी चयन गर्न आयोजित फ्रेन्डसीप खुल्ला राष्ट्रिय तेक्वान्दो प्रतियोगिताको सिलसिलामा महर्जन नेपाल आउनुभएको हो।

'लण्डन म्याराथन दौड प्रतियोगिता'मा नेपालका धावक दीक्षित छनोट

• **मेरो संवाददाता**

काठमाडौं/ललितपुर पाटनका कुशल दीक्षित विश्व चर्चित 'लण्डन म्याराथन दौड प्रतियोगिता'मा नेपालकातर्फबाट छनोट हुनुभएको छ। दौडसँग सम्बन्धित विभिन्न प्रक्रिया र मापदण्ड पूरा गरेपछि भाग लिन पाउने सो म्याराथन प्रतियोगितामा नेपालकातर्फबाट २० वर्षीय धावक दीक्षित मात्र छनोट हुनुभएको हो।

विश्वको खेलकुद इतिहासमा 'लण्डन म्याराथन दौड प्रतियोगिता' मा भाग लिन पाउनुलाई महत्वपूर्ण उपलब्धिका रुपमा लिइन्छ। लामो दूरीको दौडतर्फ विश्वभर चर्चित सो म्याराथन प्रतियोगिता भोलि लण्डनमा हुँदैछ। सो प्रतियोगितामा भाग लिन विश्वका ५० हजारभन्दा बढी युवा खेलाडी लण्डन पुगिसकेका नेपाली धावकका हजुरबुवा डा. सुन्दरमणि दीक्षितले जानकारी दिनुभयो।

बच्चैदेखि शारीरिक व्यायम र दौडमा रुचि राख्ने कुशलले भारतको नयाँ दिल्लीमा स्कुल पढ्नेक्रममा स्थानीय विद्यालयको साथै दिल्ली सरकारद्वारा आयोजित विभिन्न दौड प्रतियोगितामा कैयौं पुरस्कार तथा पदक जितेका डा.दीक्षितले जानकारी दिनुभयो। संयुक्तराज्य अमेरिकाको सिकागोमा स्नातक तहमा अध्ययनरत युवा धावक कुशल म्याराथन प्रतियोगितामा भाग लिने सिलसिलामा अहिले लण्डन पुग्नुभएको छ।



नेपालका प्रथम केमिकल इञ्जिनियर श्रेष्ठप्रति श्रद्धाञ्जली

• **रिदेन महर्जन**

साँखु/नेपालभाषा सेवी, समाजसेवी, बैज्ञानिक तथा नेपालको पहिलो केमिकल इन्जिनियर राजदास श्रेष्ठको गुणानुस्मरण गरी श्रद्धाञ्जली सभा आयोजना भएको छ।

साँखुको भगवती मा.वि. भौध्वाखा, याल्माञ्वमा भएको श्रद्धाञ्जली सभामा नेपालभाषाको उत्थान तथा नेपालको पहिलो केमिकल इन्जिनियर भई उहाँले दिनु भएको योगदानको कदर स्वरुप एक मिनेट मौनधारण तथा कार्यक्रम उपस्थित महानुभावहरुले माल्यार्पण तथा पुष्प गुच्छा चढाई आत्माको चिर शान्तिको कामना गरेको थियो।

महाकवि गिरिजाप्रसाद जोशी लुमन्ती प्रतिष्ठान र तरेली साहित्य प्रतिष्ठानको संयुक्त आयोजनामा भएको श्रद्धाञ्जली सभामा तरेली साहित्य प्रतिस्थानका रमेश भट्टराई, कबिन्द्रलाल प्रधान, बरिष्ठ पत्रकार नरेशबीर शाक्य, नेवाः देय् दबूका संरक्षक नरेश ताम्रकार, नेपालभाषा एकेडेमीका भाइस चान्लर मल्ल के. सुन्दर, कुन्ज जोशी, साहित्यकार तेज बहादुर योन्जनले बहु आयामिक व्यक्तित्वका धनी दिवंगत राजदास श्रेष्ठको बारेमा आ-आफ्नो धारणा राखेका थिए। साहित्यकार रामेश श्रेष्ठले रच्नु भएको कविता वाचन तथा लोककवि राजभाई जःकमिले नेपालभाषामा रचिएको 'राजदासया लुमन्ती चिनाखँ' (कविता) वाचनका साथै कार्यक्रमका सभापति रामेश्वर श्रेष्ठ शैलेन्द्र सभापतित्वमा सम्पन्न भएको श्रद्धाञ्जली सभा कार्यक्रममा दिवंगत ई राजदास श्रेष्ठका जेष्ठ सुपुत्र सासा श्रेष्ठले कार्यक्रममा पाल्नु भएका सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गरे। सो कार्यक्रम महाकवि गिरिजा लुमन्ती प्रतिस्थानका संस्थापक अध्यक्ष यचु जोशी र कान्छा प्रसाद तिवारीले कार्यक्रम सञ्चालन गरेको थियो।

नेवाः हाइकु वाचन कार्यक्रम सम्पन्न

• **मेरो संवाददाता**

काठमाडौं/नेवाः हाइकु ख्यः र नेपालभाषा मंकाः खलः यलको संयुक्त आयोजनामा अन्तर्राष्ट्रिय हाइकु कविता दिवसका अवसरमा नेवाः हाइकु वाचन कार्यक्रम यही चैत्र ६ गते बिहीवार सम्पन्न भएको छ। नेवाः हाइकु ख्यःका संयोजक सुरेश प्रधानको सभापतित्वमा भएको कार्यक्रममा नेपालभाषा मंकाः खलः यलका अध्यक्ष हेराकाजी महर्जन, हाइकु समालोचक डा. आनन्द जोशी र ध्रुव मधिकर्मीले वाचनका लागि प्राप्त हाइकुहरुको विषयमा धारणा राख्नुभएको थियो। कार्यक्रममा ५१ जना हाइजिनहरुले संलग्न गराएको थियो।

न्हियान्हिथं भिंउसाँय व भ्रीगु जीवनय बांलागु ह्यूपाः वइगु
धापू कथं सिकालि अजिमा १२ बर्षया जात्रा – ११४४या
प्रसाद ग्रहण यायेत इलय्हे स्वापू तयादीत इनाप यानाच्वना।
स्वापूया निति : पंचनारायण महर्जन ९८५१०८७५८४, पुष्प रत्न प्रजापति ९८५१०५३१२४, नानीहिरा महर्जन ९८४१४५८१६७,
मचाराजा महर्जन ९८५११०६६११, जुजुकाजी महर्जन ९८५१२१७७८३, नानीहेरा डंगोल ९८४१७६८४५९
काली विष्णु भैरव शक्ति महादेव रुद्रायणी गणेश हनुमान कुमार ब्रम्हा इन्द्रायणी महालक्ष्मी कुमारी बाराही
आयोजक : सिकालि अजिमा जात्रा व्यवस्थापन तथा समन्वय समिति मिति : २०८१ बैशाख २२ गते स्थान : लक्ष्मेश्वर मन्दिर, पद्मली भैरव टेकु

नेवाः तामाङ भाषा दिवस मनाइने

• **मेरो संवाददाता**

काठमाडौं/बागमती प्रदेशमा नेपालभाषा (नेवाः भाषा) र तामाङ भाषा सरकारी कामकाजि भाषाको रुपमा लागू हुने बैशाख २४ गतेको दिन बागमती प्रदेश नेवाः तामाङ भाषा दिवस मनाउन आह्वान गरिएको छ।

नेवाः देय् दबू बाग्मती प्रदेश, नेवाः देय् दबू स्वनिगःविशेष प्रदेश र नेपाल तामाङ घेदुङ बाग्मती प्रदेशले संयुक्त विज्ञप्ति जारी गर्दै यस्तो आह्वान गरिएको हो।

नेपाल भाषा र तामाङ भाषा सरकारी कामकाजी भाषाको रुपमा लागु हुनु बागमती प्रदेशका आदिवासी नेवाः, तामाङ लगायत सबै प्रदेशवासीका लागि खुसिको खबर भएको बताउँदै लामो समयदेखिको संघर्ष र बागमती प्रदेशका मुख्यमन्त्री, सभामुख, मन्त्रीदेखि सांसदहरुको विशेष भूमिकाबाट संभव भएको सो संयुक्त विज्ञप्तिमा जनाइएको छ।

सो विज्ञप्तिमा भनिएको छ, 'भाषिक आन्दोलनको दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण कार्य हुँदैछ। यो एक किसिमको उत्सवको दिन हो। त्यसैले यो उत्सव मनाउन र नेपालभाषा र तामाङ भाषालाई कामकाजि भाषाको रुपमा लागू भएको उद्घोषण हुने कुरा अझ बढि जनमानसमा लैजानको लागी प्रदेश सरकारको तर्फवाट बैशाख २४ गतेको दिन बागमती प्रदेशमा सार्वजनिक विदा दिनका लागि हामी माग गर्दछौं।'

लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण गरौं

- *लोकतन्त्रको संरक्षण र प्रवर्द्धनमा हातेमालो गरौं।*
- *राज्यलाई जनताप्रति उत्तरदायी बनाउन खबरदारी गरौं।*
- *कानूनी शासन सुनिश्चित गरौं।*
- *व्यक्तिगत स्वतन्त्रता र मानवाधिकारको सम्मान गरौं।*
- *लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं।*
- *संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं।*
- *संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं।*
- *लोकतन्त्र दिवस भव्य र सभ्य रुपमा मनाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड



कुनै पनि शुभ कार्य जस्तै :
शुभ विवाह,
व्रतवन्ध, पास्नी,
साथै सभा समारोहको लागि
फूल क्याटरिङसहित हल चाहिएमा
सम्पर्क गर्नुहोस्।

त्रिरत्न मानन्धर
९८४१३१६६३०

सानुकाजी महर्जन
५८४१५६०६१०

स्वयम्भू ब्याङ्क्वेट
भुइखेल, स्वयम्भु, काठमाडौं। सम्पर्क : ०१५३८१५३८